वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काप फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आर्क वेल्डिङ,क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४४२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक ९५ ○श्रेणी 'क' ○२०७२ पुस २२ गते बुधबार ○ 6 Jan. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

खुशीको खबर !!!

योग निद्रा सिकेर आफ्नाई रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफ्नाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।

मोवाइल : ९८५६९७०३२१६

एन्फामा शुल्क विवाद, लामिछाने र गुरुङबीच आरोप-प्रत्यारोप

मनकामना केवलकार कप अन्यौलमा

गोल्डेन न्यूज संवाददाता
पोखरा २१ पुस ।

फुटबल प्रतियोगिताको प्रायोजन रकम उठाउने विषयमा कास्की जिल्ला फुटबल संघ (एन्फा कास्की) का पदाधिकारीबीच चर्कदै गएको विवाद सल्टाउन अझै साता साधारणसभा हुने भएको छ ।

गतवर्ष सम्पन्न मनकामना केवलकार पोखरा कप फुटबल प्रतियोगिताको चौथो संस्करणका प्रायोजकसँग तिनुपर्ने रकम हिनामिना भएको भन्दै पदाधिकारी बीच विवाद बढेको हो । अध्यक्ष धर्मबहादुर लामिछाने र उपाध्यक्ष मिलन गुरुङबीच चर्केको विवाद सल्टाउन सोमवार साधारणसभा गर्ने निर्णय भएको छ । प्रतियोगिताको चौथो संस्करणमा प्रयोजित ब्यानरको पैसा संकलनमा अध्यक्ष लामिछाने र उपाध्यक्ष गुरुङबीच विवाद चर्किदा एकले अर्कोलाई आर्थिक हिनामिना गरेको आरोप लगाएका थिए । त्यही विवाद सल्टाउन केही दिनअघि सल्लाहकार सहितको बैठक बसेको थियो ।

'अध्यक्षले उपाध्यक्ष र उपाध्यक्षले अध्यक्षलाई आर्थिक हिनामिना गरेको आरोप लगाए । हामीले त्यही विवाद सल्टाउन साधारणसभा गर्न डबाच दियौं,' बैठकमा सहभागी एक सल्लाहकारले भने,-'हिसाब पारदर्शी हुनुपर्छ भन्नेमा सबैको जोड थियो । त्यसपछि साधारणसभा बोलाएर हिसाब सार्वजनिक गर्ने निर्णय भएको छ । प्रतियोगिताको चौथो संस्करणमा प्रयोजित ब्यानरको पैसा संकलनमा अध्यक्ष लामिछाने र उपाध्यक्ष गुरुङबीच विवाद चर्किदा एकले अर्कोलाई आर्थिक हिनामिना गरेको आरोप लगाएका थिए त्यही विवाद सल्टाउन केही दिनअघि सल्लाहकार सहितको बैठक बसेको थियो ।

संघका अनुसार अहिलेसम्म प्रतियोगिताका करिब चारलाख रुपैयाँ उठेको छैन । त्यही रकम कसले उठाउने भन्ने विषयमा विवाद भएको थियो । अध्यक्ष र उपाध्यक्षले एकले अर्कोलाई पैसा उठाएर नबुझाएको आरोप लगाउँदै आएको नागरिक दैनिकले उल्लेख गरेको छ । उपाध्यक्ष मिलन गुरुङले हिसाब पारदर्शी हुनुपर्छ भन्ने विषयमा छलफल भएको मात्र बताए । आगामी साधारणसभा मार्फत आम्दानी सार्वजनिक गर्नेबारे निर्णय भएको उनले बताए । आफूलाई कसैले कावाही गर्न नसकेको उनले दावी गरे । 'म काम गर्ने मान्छे हुँ । मलाई कसैले कावाही गर्न सक्दैन' उनले भने,'मैले केही गल्ती गरेको छैन । उठेको रकम बुझाएको छु । अनावश्यक आरोप लगाउन मिल्दैन ।' अध्यक्षले उठाउने जिम्मा एएको थिए रकम उठाउन नउठेको र त्यही रकम उठाउन भनेका सामान्य मनमुटाव भएको उनले बताए । एन्फा अध्यक्ष लामिछानेले पनि आम्दानी पारदर्शी गराउन छलफलमात्र भएको दावी गरे । 'नउठेको पैसा गोजीबाट हाल्न सकिन्न कसैले उठाएको छैन भने तिर्नुपैदैन,' उनले भने,-'तर, उठेको पैसा इमान्दारीसाथ बुझाउनुपर्छ फुटबललाई जोगाउन हामी सबै मिल्नुपर्छ । विवाद केही छैन । भएको सामान्य मनमुटाव सल्टिएको छ ।'

बाँकी अन्तिम पृष्ठमा.....

कर्जा प्रवाह प्रभावकारी बनाउन संयन्त्र

पोखरा २१ पुस ।

बैंक तथा वित्तीय संस्थाले उत्पादनशील, विपन्न वर्ग एवम् तोकिएका प्राथमिकताका क्षेत्रमा प्रवाह गर्ने कर्जाको प्रभावकारी कार्यान्वयनको लक्ष्यका साथ वित्तीय क्षेत्र समन्वय सम्बन्धी संयन्त्र गठन गरिएको छ । नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालय अनुसन्धान विभागले पोखरामा आयोजना गरेको अन्तर्क्रियामा विभागका निर्देशक डा. गोपालप्रसाद भट्टले उत्पादनशील क्षेत्रमा कर्जा प्रवाहको स्थिति सन्तोषजनक नदेखिएका कारण त्यसको प्रभावकारिताका लागि संयन्त्र गठन गर्नुपर्नेको बताए । संयन्त्रमा नेपाल राष्ट्रबैंकका उपत्यका बाहिरका कार्यालयका निर्देशक संयोजकका रुपमा रही अन्य बिभिन्न क्षेत्रसम्बद्ध प्रतिनिधि रहने व्यवस्था गरिएको छ ।

संयन्त्रका सदस्यमा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि (आवश्यकता अनुरुप एक जना), उद्योग वाणिज्य सङ्घका प्रतिनिधि एक जना, कृषि कार्यालय, विउविजन कम्पनी, कृषि सामग्री संस्थान, सिंचाइ कार्यालय, उद्योग, पर्यटन उर्जा, बीमा एवम् सरोकारवाला मध्येबाट प्रतिनिधि (आवश्यकता अनुसार बढीमा तीन जना) रहने र नेपाल राष्ट्रबैंक अनुसन्धान इकाइ हेर्ने उपनिर्देशक सदस्य सचिव रहने छन् ।

उचित प्रसार र समन्वयको अभावमा कृषक तथा उत्पादक सहुलियतपूर्ण कर्जाको पहुँचबाट टाढा रहँदै गरेको गुनासो आउने गरेको स्पष्ट पार्दै निर्देशक भट्टले उत्पादनशील क्षेत्रमा कर्जा प्रवाहलाई कृषिलगायतका उत्पादनशील क्षेत्रमा कर्जा प्रवाहलाई कारण त्यसको प्रभावकारिताका लागि संयन्त्र गठन गर्नुपर्नेको बताए । संयन्त्रमा नेपाल राष्ट्रबैंकका उपत्यका बाहिरका कार्यालयका निर्देशक संयोजकका रुपमा रही अन्य बिभिन्न क्षेत्रसम्बद्ध प्रतिनिधि रहने व्यवस्था गरिएको छ ।

संयन्त्रका सदस्यमा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि (आवश्यकता अनुरुप एक जना), उद्योग वाणिज्य सङ्घका प्रतिनिधि एक जना, कृषि कार्यालय, विउविजन कम्पनी, कृषि सामग्री संस्थान, सिंचाइ कार्यालय, उद्योग, पर्यटन उर्जा, बीमा एवम् सरोकारवाला मध्येबाट प्रतिनिधि (आवश्यकता अनुसार बढीमा तीन जना) रहने र नेपाल राष्ट्रबैंक अनुसन्धान इकाइ हेर्ने उपनिर्देशक सदस्य सचिव रहने छन् ।

उचित प्रसार र समन्वयको अभावमा कृषक तथा उत्पादक सहुलियतपूर्ण कर्जाको पहुँचबाट टाढा रहँदै गरेको गुनासो आउने गरेको स्पष्ट पार्दै निर्देशक भट्टले उत्पादनशील क्षेत्रमा कर्जा प्रवाहलाई कृषिलगायतका उत्पादनशील क्षेत्रमा कर्जा प्रवाहलाई लागि संयन्त्र गठन गर्नुपर्नेको बताए । संयन्त्रमा नेपाल राष्ट्रबैंकका उपत्यका बाहिरका कार्यालयका निर्देशक संयोजकका रुपमा रही अन्य बिभिन्न क्षेत्रसम्बद्ध प्रतिनिधि रहने व्यवस्था गरिएको छ ।

जिल्ला कृषि विकास कार्यालयका प्रमुख रमेश कोइरालाले कृषक वर्गलाई सहुलियतपूर्ण ऋण दिने सरकारको नीति भएपनि कृषकले सहजरुमा ऋण प्राप्त गर्न नसकेको बताए । कार्यक्रममा जिल्ला कृषि सहकारी सङ्घका अध्यक्ष शिवजी कोइराला, उद्यमी धर्मराज अर्यालसगायतले कृषि लगायतका लक्षित क्षेत्रमा सहुलियतपूर्ण ऋण प्रवाह गर्ने राज्यको नीति भएपनि सहजरुपमा प्राप्त गर्न नसकेको अवस्थालाई राज्यको तहबाट गम्भीरताका साथ हेरिनुपर्नेमा जोड दिएका थिए । रासस

लायन्सको न्यानो कपडा अभियान

उत्साहजनक सहयोग, सातामै ३५ लाखको कपडा सङ्कलन

गोल्डेन न्यूज संवाददाता
पोखरा २१ पुस ।

गत वैशाख १२ र २९ गतेको भूकम्पपीडितका लागि लायन्स क्लब अफ इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ बी १ नेपालले राहतका लागि 'एक व्यक्ति एक न्यानो कपडा' अभियान संचालन गरेको छ । बढ्दो चिसो मौसमका कारण घर परिवार र सम्पत्ति गुमाएका भूकम्पपीडित सर्वसाधारणको दिनप्रतिदिन समस्यामा पर्न थालेपछि सो अभियान संकलन गरिएको हो ।

भूकम्पपीडितलाई डिष्ट्रिक्ट अन्तर्गतका २०९ क्लबमा आबद्ध करिब ६ हजार २०० सदस्य तथा अन्य समाजसेवीहरुले सिरक, डसना, ब्लाङ्केट र जाडोमा प्रयोग गर्ने न्यानो कपडाहरु प्रदान गर्ने भएका हुन ।

बढ्दो चिसोका कारण भूकम्पपीडितको मृत्यु भएको समाचार सार्वजनिक भएपछि डिष्ट्रिक्ट गभर्नर धुव्र बाषाले आफ्नो डिष्ट्रिक्ट मातहतका क्लबका सदस्यहरु र समाजका अन्य गैरलायन्स व्यक्तिहरुलाई समेत यस अभियानमा सहभागी भई जीवन र मृत्युको दोसाँधमा रहेका पीडितलाई खुल्ला हृदयले सहयोग गर्न आग्रह गरेका छन् । 'भूकम्पले घर भत्किएर आफ्नो सम्पूर्ण भएका लत्ताकपडा, खाद्यान्न र सम्पत्ति समेत गुमेसँगै खुल्ला आकाश मुनि बसेका सर्वसाधारणहरुको जाडो मौसमका कारण मृत्यु हुन थालेको छ । उनीहरुलाई मानवीय भावनाले सहयोग गर्न लायन्सहरुलाई आग्रह गरेका छौं'-गभर्नर बाषाले गोल्डेन न्यूज दैनिकसँग भने-'हामीले भूकम्प पीडितको सहयोगका लागि आग्रह गरेको एक सातामै ३५ लाख मूल्य बराबरको राहत सामाग्रीहरु संकलन भईसकेको छ,नेपालका भूकम्प प्रभावित सबै जिल्लाहरुमा हामी आफै पुगेर संकलित सामाग्री पीडितको हातमै वितरण गर्नेछौं ।'

लायन्सले अभियान सञ्चालन गरेको छोटो समयमै गण्डकी, धवलगिरि र बागमती अञ्चलबाट संकलित सामाग्री संकलनको क्रम सँगै प्रभावित क्षेत्र धादिङ र नुवाकोट जिल्लाका पीडितलाई स्वयं लायन्सहरु आफै उपस्थित भएर वितरण गर्न थालेको गभर्नर बाषाले बताए । न्यानो कपडा विशेषगरि बालबालिका र वृद्धवृद्धाहरुलाई वितरण गरिने उनले बताए । डिष्ट्रिक्टद्वारा चिसोका कारण समस्यामा परेका भूकम्प पीडितहरुका लागि न्यानो कपडा संकलन कार्यक्रम अन्तर्गत "एक व्यक्ति एक न्यानो कपडा" अभियान अत्यन्तै उत्साहजनक रुपमा अघि बढिरहेको क्याबिनेट सेक्रेटरी विश्वेश्वर आचार्यले जानकारी दिए । 'डिष्ट्रिक्टले समस्यामा परेका नागरिकका लागि उपलब्ध गराउन थालेको न्यानो कपडा संकलन अभियानमा लायन्स,समाजसेवी र उद्योगपतिले समेत खुल्ला हृदयले सहयोग गर्दा छन्, यस अभियानलाई सशक्त र प्रभावकारी बनाउन आफ्नो कार्यक्षेत्र बागमती, धवलगिरि र गण्डकी अञ्चलमा संयोजक तोकेर अभियानलाई अगाडि बढाएका छौं'-सेक्रेटरी आचार्यले भने । उनले डिष्ट्रिक्टको कार्यक्षेत्रका सबै भूकम्प प्रभावित सबै जिल्लाहरुमा कपडा वितरण गरिने स्पष्ट पारे ।

उनका अनुसार पोखराका समाजसेवी एवं उद्योगी केपी श्रेष्ठले ५० हजार रुपैयाँको ब्लाङ्केट उपलब्ध गराएका छन भने नोभेल एकेडेमी पोखराका अध्यक्ष सीता लामिछानेले १५ हजार रुपैयाँ र गण्डकी गुपका अध्यक्ष हरिश्वर पोखरेलबाट १० हजार रुपैयाँ बराबरको न्यानो कपडा प्राप्त भएको छ । बढ्दो चिसो सँगै भूकम्पपीडितहरुको दैनिकी कष्टकर बन्दै गएपछि डिष्ट्रिक्टले थालेको न्यानो कपडा संकलन अभियानमा

बाँकी अन्तिम पृष्ठमा.....

नेम्वाङ उपनेता, ढकाल सचेतक

गोल्डेन न्यूज संवाददाता
काठमाडौं २१ पुस ।

नेकपा एमालेले झण्डै दुई वर्षपछि संसदीय दलको उपनेता चयन गरेको छ । संसदीय दलको नेता चयन भएको झण्डै दुई वर्षपछि एमालेले पूर्वसभामुख सुवासचन्द्र नेम्वाङलाई दलको बनाएको हो। मंगलवार बसेको एमाले संसदीय दलको बैठकले स्थायी समिति सदस्यको जिम्मेवारी दिएको केही दिनपछि नै नेम्वाङलाई दलको उपनेताको जिम्मेवारी दिएको पोलिट्ब्युरो सदस्य एवम् सांसद प्रकाश ज्वालाले सेतोपाटीलाई जानकारी दिए । संसदीय दलको उपनेता कसलाई बनाउने भन्नेबारे यसअघिका बैठकमा अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओली र वरिष्ठ नेता माधव नेपाल पक्षबीच *विवाद हुँदा*

बाँकी अन्तिम पृष्ठमा.....

कोरियन भाषामा भर्ना खुल्यो

नेपाल सरकारबाट कोरिया भाषाको स्वीकृति प्राप्त
प्रेम कोरियन ल्याङ्ग्वेज इन्स्टिच्युटमा कोरियामा ५ वर्ष बसी कोरियन भाषाको व्याकरण र उच्चारण विधि अध्ययन गरेर आउनुभएका ख्यातिप्राप्त शिक्षकद्वारा अडियो तथा भिडियो माध्यमबाट EPS-TOPIK कोर्ष अध्यापन गराइन्छ ।
सम्पर्क
गुप्तमा आउनेलाई विशेष छुट
प्रेम कोरियन ल्याङ्ग्वेज इन्स्टिच्युट
न्यूरोड, पोखरा (पृथिमा हल अगाडि, मेट्रो डेभलपमेन्ट बैंकसँगै)
फोन : ०६१-५२०८५२, ९८१७१४४६३३, ९८४६०७०६९४

BABIN TAILORING
Shirting & Suiting

बबिन टेलरिङ्ग मे किन ?
- तपाईले खोजेका कुनैपनि मुगलरहरु आएका कपडाहरुका लागि,
- तपाईले भनेको समयमा आकर्षक एवम् मुगलरहरु सिलाईका लागि,
- आकर्षक तथा आधुनिक डिजाइनका लागि,
- आकर्षक कोटका लागि मुगलरहरु फिटिङ्ग मेशिन प्रयोग गरिने,
- ग्राहकको मागमा, सहमत र विश्वासको विस्तारलाइको लागि,
- अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कुल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।

हाम्रो थाप्लो धर्मै पनि टेलरिङ्गमा सिकर्मी थियो ।

बबिन टेलरिङ्ग सर्टिङ्ग एण्ड सर्टिङ्ग
Ashwini OCM Balli

सुवर्ण अवसर ! सुवर्ण अवसर !!

एपेक्स एकेडेमी काठमाडौं र पोखरा सनराइज एकेडेमी को संयुक्त पहलमा **दास्रो अधिवृत** को **प्रथम पत्र** को लागि परिक्षण्यान्वयनको नमुना कक्षा यही **माघ ५ गतेबाट ६** गतेसम्म संचालन हुन गइरहेकोले आफ्नो सिट सुरक्षित गरी मौकाको फाइदा लिनुहोस् ।

Hurry Up !
नमूना कक्षा सिटलाई सुरक्षित गरौं

विशेष आकर्षण :
-अनुभवी प्रशिक्षकद्वारा कक्षा दिइने ।
-लोकसेवाको मोडलमा प्रथमपत्रको Exam पुस २६ देखि ३० सम्म *(बिहान ८:३० देखि ८:००बजेसम्म)*
-Orientation Class पुस २५ देखि *(बेलुका ४:०० बजे)*
-Exam मा मात्र सरिक हुनेलाई रु.१,५००।- मात्र

भर्ना हुने अन्तिम मिति : २०७२ पुस २२ (साथमा २ प्रति फोटो)
परीक्षामा उत्कृष्ट महिला, पुरुष, दलित, अपांग १/१ गरी ४ जनालाई छात्रवृत्ति दिइने ।

पोखरा सनराईज एकेडेमी
फोन ०६१-५२०८८८, ५२०३६, ९८४६०९८१९२
E-mail: pksunrise@gmail.com

तुरुन्त आवश्यकता

पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकमा संचालित चिनारी थकाली भान्छाघरका लागि निम्न कर्मचारी आवश्यक परेकाले इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

क्र.सं.	पद	संख्या
१.	वेटर	केही
२.	डिसवासर	केही

पारिश्रमिक : आकर्षक तथा आपसी समझदारीमा

सम्पर्क : चिनारी थकाली भान्छाघर
मानवअधिकारचोक, चिप्लेढुंगा, पोखरा
फोन : ०६१-५२६३०५

सुन्दर हेयर एण्ड ब्यूटी

हामीकहाँ तेहिंड एण्ड जेनको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension मनको साथै ब्राण्डेड प्रोडक्टहरुद्वारा फेसियल गरिन्छ । साथै मेकी केयर, पेडी केयर पनि गरिन्छ । ग्राहकेक सुविधामा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।

सम्पर्क: ९८४६८५४३३०
पोखरा टुंडु मल, चिप्लेढुङ्गा
(First Floor X2)

के तपाई नेपालमै केही गर्न चाहानुहुन्छ ?

रोजगारीका लागि विदेश जानुहुने लाखौंका बिचमा आफ्नै गर्न चाहानुहुने मान्छे तपाईंकै रोजाई बन्न तयार छ ।

★ सिर्जना मिनी मार्केट ★

पोखराको नयाँ रिजनिकम विकास मेट्रोपोलिटन हरिपटन अजाकी पश्चिम कुशिमा रामपान नगरपाल दक्षिण सडकै छाक्नुनि पर्छ। यहाँ सलखाद रहेको सुलभ मिनी मार्केटमा सबको स्वागत छ। यसमा सबैजिन मार्केट सञ्चालन गर्दै आएका अनुभवी व्यक्तिहरुद्वारा सञ्चालित सिर्जना मिनी मार्केट अति नै उपयुक्त रहेको छ ।

यहाँ मांडा, खाद्यान्न, फलफूल, तरकारी लगायतका व्यवसाय गर्न सकिन्छ ।
थप जानकारीका लागि सम्पर्क : ९८४६०९८१९२, ९८४६०९८१९३

■ एकाग्रतापूर्वक गरिएको विचारले असम्भवलाई पनि सम्भव बनाउँछ ।
- बप्पड स्वामी

सम्पादकीय ...

खाँचो सार्थक वार्ताको

नेपालका राजनीतिक दलहरु बाता-वार्ता जदै गर्दा जनता भने निरा हुन थालेका छन् । झण्डै चार महिनादेखि तराई-मधेशमा जारी आन्दोलन र त्यसबाट सिर्जित अशान्त वातावरण अहिलेसम्म साम्य हुनसकेको छैन । प्रमुख राजनीतिक दलहरु र आन्दोलनरत मधेशकेन्द्रित दलहरुबीच दर्जनौं पटक दुईपक्षीय एवं बहुपक्षीय संवाद भएका छन् । तर अहिलेसम्म भएका प्रयासहरु परिणाममुखी हुन सकेका छैनन् । आन्दोलनको निहुँमा भारतद्वारा गरिएको नाकाबन्दीको आम जनजीवनमा पारेको असरप्रति सत्तापक्ष, प्रतिपक्ष र आन्दोलनरत दलहरु गम्भीर देखिएनन् । निरर्थक वार्ताको श्रृंखलालाई लम्ब्याउँदै देशलाई अनिर्णयको बन्दी बनाउने काम भइरहेको छ । भारतीय नाकाबन्दी र मधेशवादी दलहरुको आन्दोलनबाट मुलुकको अर्थतन्त्र चौपट भएको छ । महिनौंदेखि उद्योगधन्दा, व्यापार व्यवसायमा नकारात्मक असर परिरहेको छ । महंगी, अभाव, बेरोजगारी मात्र हैन गम्भीर मानवीय संकट उत्पन्न भइसकेको छ । यसपटि सरकार र आन्दोलनरत दलहरु गम्भीर देखिएनन् । वार्ता गर्नु भनेको लेनदेनकै आधारमा समस्या समाधान गर्न तयार हुनु हो । तयारी बिना गरिने वार्तामात्र कुनै निष्कर्ष निस्कन सक्दैन । भारतले गरेको नाकाबन्दीको समर्थन गरेर वा त्यसलाई सघाएर मधेशवादी दलहरुले नेपाली राष्ट्रियतामाथि गद्धारी गरेका छन् । एम्बुलेन्समा आगो लगाएर, औषधि बोकेका ट्रकहरु जलाएर उनीहरुले आफ्नो असली चरित्र देखाएका छन् । यस प्रकारको मानवीय संवेदनाविहीन चरित्रलाई कुनै पनि सभ्य मानिसले समर्थन गर्न सक्दैन । आन्दोलन तौलिजस्तो वा नापेजस्तो पक्की हुँदैन तर त्यसका केही मूल्य, मान्यता र मर्यादा हुन्छन् । मधेशवादी दलहरु यसमा चुकेका छन् । गत आइतबारदेखि मधेश केन्द्रित दलहरुले रक्सौल नाकामा जारी अवरोध हटाउने आशा गरिएको थियो । एकै प्रकृतिको आन्दोलन लगातार जारी राख्नुभन्दा त्यसको स्वरुप परिवर्तन गर्नु स्वयं उनीहरुको हितमा थियो तर उनीहरु सरकारलाई गलाउनेभन्दा जनतालाई पीडा दिइरहेको आन्दोलनको स्वरुप परिवर्तन गर्न तयार देखिएनन् । यसबाट उनीहरुको जनतामा बचेखुचेको साखसमेत गुम्दै जानेछ । सरकार र प्रमुख राजनीतिक दलहरुले मधेश आन्दोलनप्रति स्पष्ट साझा दृष्टिकोण बनाउन नसक्दा पनि समस्या समाधान गर्न विलम्ब भइरहेको छ । संविधान संशोधन विधेयक परिमार्जन वा संशोधन गर्ने सवालमै अलमल छ । मुलुकभित्र यति ठूलो संकट आइलाग्दा देखापर्ने अकर्मण्यतापूर्ण व्यवहार एवं चरित्रलाई खेदजनक नै मान्नुपर्छ । विगतदेखि हुँदै आएका निरर्थक वार्ताका श्रृंखलाहरु जारी राख्न अब मिल्दैन । यतिबेला आम जनतामा आक्रोश र असन्तुष्टि देखिन थालेको छ । सहमतिको साझा बिन्दु पहिल्याउने इमानदार प्रयास किन हुन सकिरहेको छैन ? जनतालाई यसको चित्तबुझ्दो जवाफ चाहिएको छ । भारत नेपालमा के चाहन्छ ? यसमै हाम्रो नेतृत्ववर्ग अलमलमा छ । भारतसंग प्रधानमन्त्री स्तरमै प्रभावकारीरुपले गम्भीर छलफल गर्न धेरै ढिलो भइसकेको छ । समस्यापछि सरकारले देखाउनुपर्ने चासो एवं गम्भीरतामा निकै कमी देखिएको छ । न देशभित्रका शक्तिसंग न छिमेकी भारतसंग प्रष्ट कुरा गर्न नसक्ने हो भने सबै समय अलमल गरेरै बित्नेछ । कम्तिमा सत्तामा बस्नेहरुले यस्तो व्यवहार प्रदर्शित गर्न सुहाउँदैन । कूटनीतिक संवाद, वार्ता वा छलफलबाटै समस्याको हल खोज्नुको विकल्प छैन । मधेशवादी दलहरुको आन्दोलन दक्षिणको छिमेकीकै आडभरोसामा चलेको खुला सत्य जस्तै भइसकेको छ । त्यसैले दुवै पक्षसंग सरकारले प्रष्ट कुरा राख्नु वस्तुपछि ।

आजको पञ्चाङ्ग

मिति २०७२ साल पौष २२ गते बुधबार, तदनुसार जनवरी ६ सन् २०१६, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कलियुगाब्दः संवत्सरः, सूर्य पुष्यौली दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । हेमन्त ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार पौषकृष्णपक्ष चलिरहेको छ । सौरमान अनुसार आज पौषकृष्णपक्षको द्वादशी तिथि अहोरात्र रहनेछ । आज सूर्य धनु राशिमा, चन्द्रमा वृश्चिक राशिमा अहोरात्र रहनेछ । आज दिनमान २६ घण्टि ० पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ५७ मिनेटमा तुरुन्त्रै मूहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर २१ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : पारिवारिक विरोध खेल्नुपर्ने, आफ्नै पेशावाट घाटा हुन सक्ने, सामाजिक कार्यलीले गर्दा दिनभर चिन्ता पर्नेछ ।
वृष : आम्दानीमा गिरावट आउनेछ, समय विवादित रहनेछन्, चुनौतिमाथि चुनौति थपिनेछ चनाखो हुनुहोला ।
मिथुन : मित्रहरुबाट सहयोग पाइनेछ, कला क्षेत्रमा अभिरुचिबढ्ने, एकमुष्ठ रकम संकलन हुने, स्वादिष्ट व्यञ्जन प्राप्त हुने ।
कर्कट : पुरानो कार्यबाट आम्दानीमा एकासि वृद्धि, सहयोगी हातहर बढ्नेछन्, धर्मकर्ममा मन जानेछ समय शुभ छ ।
सिंह : एक्कासी धन तथा जमिन लाभ पाइने, नयाँ कार्यमा लगानी हुन सक्नेछ, दिन सबै प्रकारले शुभ रहनेछ ।
कन्या : आफ्नै पेशावाट नोक्सान व्यहोर्नुपर्ने, यात्रा गर्दा कठिनाई, पढाईमा मन नजाने, समय खराब छ सतर्क रहनुहोला ।
तुला : नयाँ मित्रसंग भेट, आर्थिक क्षेत्रबाट लाभ पाइने, अधुरो कार्य पुरा हुने सम्भावना दिन महत्वपुर्ण रहनेछ ।
वृश्चिक : दैनिक कार्य अधुरा हुन सक्नेछ, विरोधीहरु सक्रिय हुदै जान सक्नेछन्, स्वास्थ्य हानी समय तथा दिन खराब छ ।
धनु : स्वास्थ्यमा क्रमिक सुधार आउनेछ, सापटी दिएको धन प्राप्त हुनेछ, दिन शुभ छ उपयोग गर्नुहोला ।
मकर : पारिवारिक किचलो थपिनाले मानसिक चिन्ता बढ्दै जानेछ, नकारात्मक सोचाईले गर्दा आफैलाई घाटा हुनेछ ।
कुम्भ : स्वास्थ्य भरपर्दो हुनेछैन, खानेकुरामा सतर्क रहनुहोला, जोसंग पनि विवाद पर्न सक्नेछ, चनाखो हुनुहोला ।
मीन : शैक्षिक तथा सामाजिक प्रगति हुने, प्रेमप्रसंग सुमधुर रहन सक्नेछन्, आदर सत्कार पाइनेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

आन्दोलनको कुशल संचालकको आश्यकता

झण्डै साढे चार महिनादेखि चलि रहेको मधेश आन्दोलनप्रति गम्भीर हुन नसकेको सरकार नाटकीय वार्तालाई अगाडि बढाई रहँदा मूल विषयमा कहिले छलफल गर्न चाहेन । शासकवर्गको अनुदार शक्तिहरुको गठबन्धनको सरकारको मधेश आन्दोलनलाई पैसाँ सिध्याउने आन्तरिक मनसाय रहेको र सो चरित्र आन्दोलनलाई अमानवीय ढंगले दमन गर्दा प्रष्ट रुपमा देखिएकोले आज मधेश आन्दोलनको मागलाई (सीमाकिनसहित) छलफलद्वारा हल गर्न सरकार पक्ष तयार भएकोले मधेशका राजनीतिक अगुवाहरुको बुतमा हर्ष र विस्मयका भावहरु फेसबुकमार्फत देख्न पाईयो । भारतले पनि संशोधन प्रस्तावलाई समर्थन गरेको कुरा पनि सुनियो ।

छल, प्रपंच, जाल, फरेब, धोका पी पंच तत्वबाट बनेको अहिलेको राजनीति बडो पेचिलो अवस्थामा रहेकोले मधेश पटक पटक धुकिकै गएको यथार्थलाई स्वीकार गर्नै पर्दछ । मधेशप्रति राज्यको र राज्यप्रति मधेशको गहिरिएको अविश्वासले दुवै विपरित दिशामा अवस्थित छ । अनुदार र हिंसक सरकारले त्याउन लागेको संशोधन विधेयक मधेशलाई फेरि एकपटक आफनो प्रपंचको जालोमा फंसाउने हो कि अधिकांश मधेशी बुद्धिजिवीहरुको आकलन छ । हिंसक चरित्रका बुढो बाघ सुनको कंगन लिई पोखरीको डीलमा बसेर पायँचुवत गर्ने प्रपचमा लोभी बाहुनलाई फंसाए जस्तै मधेशलाई पनि फंसाउने आशंका पतिबेला बढेर गएको छ ।

सम्पादकीय

बाजा ढुङ्गा, जहाँ नौमती बाजा बज्छ

✍ कमल खत्री
म्यादी २१ पुस ।

उत्तरी पर्यटकीय दाना गाबिस–२ काभ्रेमा रहेको नौमती बाजा ढुङ्गा औंकेलमा परेको छ । अस्ती पहाडमा गाडिएको आकृति रहेको उक्त स्थानलाई प्रचार-प्रसार गर्न सकेमा पर्यटक भित्र्याउन सक्ने सम्भावना रहेको स्थानीय समाजसेवी सुनबहादुर विश्वकर्माले जानकारी दिए । उनका अनुसार दुईवटा दमाहा, एउटा ढोलक र एउटा टप्चाको बाजाको आकृति रहेको ठाउँमा कुनै वस्तुले हान्दा आकृति अनुसारको आवाज निस्कने गर्छ । "पहाडमा रहेको आकृति अनुसारको आवाज निस्कनु आफैंमा नौली हो, पहाडमा नौमती बाजाका सनती, नर्सिंहा, कर्नाल बाजाको समेत आकृति देखिन्छ, यस क्षेत्रका बारेमा प्रचारप्रसार गर्नका लागि सक्रिय रहनुभएका विश्वकर्माले भने । " यस क्षेत्रको प्रचारप्रसार गरी पर्यटन पकेटका लागि काभ्रेमा घरबास सञ्चालन गर्ने तयारी भइरहेको छ । अभियानकर्ताले जिल्लास्थित उद्योग वाणिज्य संघ तथा विभिन्न र गाविसगरी समन्वय गरी घरबास सञ्चालन गर्ने तयारी गरेको विश्वकर्माले बताए । नौमती बाजाको आवाज निस्कने ढुङ्गा रहेको उक्त स्थानका बारेमा प्रचारप्रसारका लागि अहिले स्थानीयवासीले अभियान चलाएका छन् । अभियानका कृष्णमा जिल्लास्थित सरोकारवालालाई उक्त स्थानका बारेमा जानकारी गराउन र पर्यटन प्रवर्द्धन गराउन पहल गरिने स्थानीय शिक्षक श्याम पुनले बताए । बेनी-जोमसोम सडकखण्ड अन्तर्गत दानामा रहेको आकर्षक रुपमै भरना र विश्वकै गहिरो अन्ध गल्छीको शिरमा रहेको नौमती बाजा ढुङ्गा परिसरमा आवश्यक पूर्वाधार निर्माण र प्रचार-प्रसार गर्न सकेमा पर्यटक भित्र्याउन सकिने (नेकपा एमाले) दानाका उपाध्यक्ष हस्तबहादुर पुन बताउछन् । काभ्रे गाउँ नगिर्क निर्की अनौठो स्थानका रुपमा रहेको नौमती बाजा ढुङ्गाको बारेमा स्थानीयवासीदेखि जिल्लास्तरका राजनीतिक दलका प्रतिनिधिले समेत चासो दिनुपर्ने उनको भनाइ छ । अस्ती स्थानमा अनौठो ढुंग्र र आवाज निस्कने सो ढुङ्गाका बारेमा स्थानीयवासीदेखि जिल्लास्तरका राजनीतिक दलका प्रतिनिधिले समेत चासो दिनुपर्ने उनको भनाइ छ । अस्ती स्थानमा अनौठो ढुंग्र र आवाज निस्कने सो ढुङ्गाका बारेमा स्थानीयवासीले लागिपरेको रुपमै सङ्गम युवा क्लवका अध्यक्ष लालबहादुर पुन बताउछन् ।

सयौं वर्ष अगाडि रुपमै भरनामा रहेका भूमे देवताले स्थानीय नौमती बाजा टोलीका बाजालाई पहाडमा रुपान्तरित आकृतिको रुप बनाइदिएको किंवदन्ती छ । अहिले पनि लामो खडेरीका समयमा उक्त स्थानमा पूजा गरेमा पानी पर्ने गरेको स्थानीयबासी वृद्धापाका बताउँछन् । रासस

राष्ट्रिय जनमोर्चा हेमजामा कुँवर

✍ गोल्डेन न्यूज संवाददाता
पोखरा २१ पुस ।

राष्ट्रिय जनमोर्चाको पोखरा उपमहानगरपालिका वडा नं.२९ हेम्जा मा राष्ट्रिय जनमोर्चाको वडा भेला सम्पन्न भएको छ । भेलाले लोकेन्द्र बहादुर कुँवरको अध्यक्षतामा १३ सदस्यीय वडा समिति निर्माण गरेको छ । उपाध्यक्ष,कोषाध्यक्ष, सचिव र सहसचिवमा क्रमशः गौरी छन्त्याल,कलमाया घर्तीमगर, तम बहादुर रोका र वसन्त पौडेल रहेका छन् । त्यस्तै सदस्यहरुमा ओम कुमारी, सीता हमाल, गीता रोका, ओम बहादुर घर्तीमगर, लिल कुमारी पुजामगर, मन कुमारी वि.क., अम्बिका अधिकारी र ठाकुर प्रसाद त्रिपाठी रहेका छन् । एक स्थान रिक्त राखिएको छ । भेलाले भक्त बहादुर रोका, शिवराज कुँवर,लिला कुमारी सुनार र गोविन्द सापकोटालाई सल्लाहकारमा चयन गरेको छ ।

भेलाको उद्घाटन राष्ट्रिय जनमोर्चा पोखरा नगर समितिका अध्यक्ष चन्द्र बहादुर के.सी.ले गरेका थिए । भेलालाई वडा नं. २७ का वडा सचिव लक्ष्मण के.सी. र कृष्ण काकीले शुभकामना दिएका थिए । भेलाको अध्यक्षता तम बहादुर रोकाले गरेका थिए भने संचालन लोकेन्द्रबहादुर कुँवरले गरेका थिए ।

छैठौं विग आइकनको पाचौं चरण

पोखरा २१ पुस ।

छैठौं विग आईकनको पाचौं चरणको अडिशनबाट २६ जनाले अघिल्लो चरणमा प्रवेश पाएका छन् । मंगलबार भएको अडिसनबाटपनि उनीहरुले अघिल्लो चरणको लागि काई पाएका हुन् । अडिसनमा १८ जना प्रतिस्पर्धीहरुले सहभागिता जनाएका थिए । विग एफएमले दिएको जानकारी अनुसार छैठौं चरणको अडिसन आगामी शुक्रबार हुनेछ । साताँ चरणको अडिसनदेखि प्रतिस्पर्धीहरुले 'पियानो'मा गीत गाउनुपर्नेछ । विग आईकनको यो सिजनमा १२ जिल्लाका कुल ९ सय ३ जनाले सहभागिता जनाएका थिए । छैठौं विग आईकनको निर्णायकहरुमा स्यामसुङ तामाङ, कर्ण दास, विवेक श्रेष्ठ, विनोद बानियाँ र सुनिल थापा रहेका छन् । छैठौं विग आइकनको विजेताले उपाधिसँगै १ लाख ७५ हजार बराबरको हिरो ड्यास स्कुटर र बेलायतको सांगीतिक यात्रा पुरस्कार स्वरुप पाउनेछन् ।

त्रिशुलीमा ट्रक खस्दा एकको मृत्यु

पोखरा २१ पुस ।

चितवनको दरेचोकस्थित पृथ्वी राजमार्गबाट ट्रक त्रिशुलीमा खस्दा एकजनाको मृत्यु भएको छ । ना ३ ख ३९४७ नम्बरको ट्रक सडकबाट करिब १५० मिटर तल खसेको चितवनका प्रहरी प्रवक्ता राजन अधिकारीले जानकारी दिए ।

दुर्घटनामा परी ट्रकका चालकको ज्यान गएको जानकारी आएको अधिकारीले बताए । उनको पहिचान भने खुलेको छैन । ट्रक खुद्रा सामान लोड गरेर काठमाडौंबाट मुग्लिनतर्फ आउँदै गरेको जस्तो देखिएको र दुर्घटना कहाँबाट कहाँ जाँदै थियो भनेर यकिन नभएको प्रहरीले जनाएको छ ।

बैंक ब्यालेन्स
बैंक ब्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्पर्कहोस् । सम्पर्क ९८२६१-०६६०२

विदेश जानेहरुका लागि सुवर्ण अवसर
Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन गैरेकाले हिँडा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
तयारी कक्षा छिनाछिन चलिरहेको छ ।
हाम्रा विशेषताहरु :-
०शतप्रतिशत उत्तीर्ण गराउने सफल ०आफ्नै मेनपावर कम्पनीबाट प्रशिक्षण गराइने ।
०१ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउने सफल
सम्पर्क फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुलितार विकास बैंकको अगाडि, पोखरा विजनेस कम्प्लेक्स सटर नं ३०,
फोन:०६१-५३०१५४, मो. ९८४६३३६३५१

"रंगहरुको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
एशियन पेन्टस्, रोयल इंण्डियाराका साथै सिपेकको समस्या साधान , वाटर प्रुफिङ्ग गरिन्छ ।
फोन : ०६१-४३०१५४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

गाईपालनबाट मासिक डेढ लाख आम्दानी

✍हरि बाँस्तोला
पोखरा २१ पुस ।

दृढ इच्छा शक्ति र लगनशील हुने हो भने कुनै पनि व्यवसाय गर्न पैसाले रोक्दैन भन्ने उदाहरण भरत पोखरीस्थित बागमारा का गाईपालक किसान गोभाकर भण्डारी बनेका छन् । पोखराको विरौटास्थित कान्जिहाउसबाट रु दुई सयमा खरिद गरेको स्थानीय जातको गाईको बाच्छीलाई उन्नतजातको बहर लगाएर सुरु गरेको गाईपालन फस्टायर व्यवसायमा परिणत भएपछि भण्डारी सबैका लागि उदाहरणीय बनेका हुन् ।

"बाइस बटामध्ये १२ दुहुना गाईले दैनिक २१० लिटर दुध दिन्छन्", उनले भने,-"पोखरा दुग्ध सहकारीलाई बिक्री गरी मासिक रु एक लाख ५० हजारसम्म आम्दानी हुन्छ ।" नयाँ गाई खरिद गर्नभन्दा बाच्छी हुर्काउन जोड दिँदै आएका भण्डारी गोठमा हर्केका साना दुला गरी ३० वटा बिक्री गरेर रु १२ लाख आम्दानी गरेको बताउछन् । "दुध खान सुरु गरेको गाईपालनबाट मनस्य आम्दानी होला भनेर सोचेकै थिइन" उनले भने । अहिले उनको गोठमा १२ दुहुनासहित १० वटा व्याउने र तीन वटा बाच्छी छन् ।

भण्डारीलाई श्रीमती चन्द्रमायाले सघाउँदै आएका छन् भने गाईपालनबाट दैनिक चार जनाले प्रत्यक्ष रोजगारसमेत पाएका छन् । चन्द्रमायाका अनुसार एउटा गाईले एक दिनमा १० देखि १५ लिटरसम्म दुध दिने गरेको छ । उत्पादित दुध गाग्रीमा बोकेर साँझ र बिहान डेरीसम्म पुऱ्याउन् भण्डारी दम्पतिको दैनिकी बनेको छ ।

गाईले एक वर्षमा लगातार दश महिनासम्म दुध दिने गरेको उनले बताए । फाइदा के कारण आफूले गाईपालन व्यवसाय रोजेको भण्डारीको भनाइ छ । "बाच्छाबाच्छी र पाडापाडीलाई दुध चुस्नसमेत नदिइकन मानुभन्दा हुर्काउन किसानलाई राज्यले प्रोत्साहन मनपर्छ" उनले भने ।

पोसिलो घाँस उत्पादनमा कठिनाई परेकोले गाईपालनका लागि घाँसभन्दा दाना र चोकरमा बढी निर्भर हुनुपरेको छ । दुध उत्पादन लागत बढी पर्नेगरेको भए पनि बजार मूल्य भने अझै सन्तोषजनक नभएको भण्डारीको गुनासो छ । दुध बिक्री गरेको आम्दानीले घर खर्च कटाएर उहाँले बाहिरबाट जन्मिने बित्तिकैका बाच्छी ल्याएर हुर्काउने गरेका छन् ।

लेखनाथ नगरपालिका-१७ गाईगौंडामा रहेको ३२ रोपनी जग्गामा उनले लगभग रु १७ लाख खर्चेर गाई, भैंसी, बाच्छीको लागि छुट्टाछुट्टै आधुनिक गोठ निर्माण गरेका छन् भने बाँकी जमिनमा विभिन्न जातको घाँससमेत उत्पादन गरेका छन् । सरकारी ऋण लिन झन्झटिलो भएको बताउँदै उनले सहजरुपमा ऋण प्राप्त हुने अवस्थाका लागि सरकारी पक्षसँग आग्रह गरे । भण्डारी दम्पतिको गोठमा ४० वटा दुहुना गाई पुऱ्याउने लक्ष्य रहेपनि पानीको अभावका कारण त्यो सम्भव हुन सकेको छैन । पानीको अभावकै कारण वर्षातको पानी सङ्कलनका लागि पोखरी निर्माणसमेत गरेकोमा त्यसले समेत अभाव नमेटेका कारण टयाङ्करको पानी खरिद गर्नुपरेको चन्द्रमाया भण्डारीको भनाइ छ । रासस

संविधानका चुनौती

काठाडाँ २१ पुस ।

संविधानमा समावेश भएका सम्पूर्ण महिला अधिकारको विषयलाई कार्यान्वयनमा ल्याउनु अवको चुनौती रहेको महिला अधिकारकर्मीले बताएका छन् । संसदको महिला बालबालिका तथा ज्येष्ठ नागरिक समितिका सभापति रञ्जुकुमारी झाले लामो सङ्घर्षपछि प्राप्त भएको नेपालको संविधान-२०७२ लाई महिलामैत्री संविधान भनेपे यसको सही तरिकाबाट पालना गर्नु सबै नेपाली महिलाको कर्तव्य रहेकोमा जोड दिए । राष्ट्रिय महिला अधिकार मञ्च, होमनेट नेपाल र एक्सनएड नेपालले संयुक्तरुपमा आयोजना गरेको 'संविधानमा महिला अधिकार र कार्यान्वयनका चुनौती र अवसर' विषयक कार्यशालामा राष्ट्रिय महिला आयोगका अध्यक्ष मनु हुमागाईले संविधानमा समावेश भएको महिला अधिकारको विषयलाई कार्यान्वयन गर्नु अवको प्रमुख चुनौती रहेको बताइन् ।

महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सहसचिव राधिका अर्याललै विश्वको संविधानको तुलनामा नेपालको संविधान उत्कृष्ट रहेको भन्दै यसले सबैभन्दा बढी महिलाको हक र अधिकारलाई समावेश गरेको जानकारी गराइन् । अधिवेशन इन्दु तुलाधरले संविधानको कार्यान्वयन र चुनौती विषयमा कार्यपत्र प्रस्तुत गर्दै महिलाको लागि संविधानमा व्यवस्था भएका सबै हक र अधिकारको परिपालना गर्दा कुनै समस्या उत्पन्न भएमा सरोकारवाला पक्षलाई जानकारी दिन पनि आग्रह गरिन् ।

सम्मेलनमा प्रत्येक जिल्लाबाट बढीमा पाँच जना प्रतिनिधि (पाँच जना भएमा दुई जना महिला अनिवार्य) सहभागी हुने, प्रतिनिधिहरूको नाम दता १५ माघ २०७२ सम्म भइसक्नुपर्ने, शाखा नभएका जिल्लाहरूमा १५ माघ २०७२ सम्म तदर्थ समिति गठन गरेर प्रतिनिधि चयन गरी प्रतिनिधिको नाम दर्ता गरिसक्नुपर्ने निर्णय समेत भेलाले गरेको छ ।

त्यस्तै, समाजले राष्ट्रिय सम्मेलनका लागि सचिवालय सदस्य देव पन्थीयामगरको संयोजकत्वमा विलिप थापामगर र रूउबादुर श्रीसमगर रहेको तीन सदस्यीय वित्तीय व्यवस्थापान समिति गठन गरिएको छ भने राष्ट्रिय सम्मेलनका लागि आर्थिक सहयोग गर्न तयार भएको मगर संघ बेलायतलाई धन्यवाद ज्ञापन समेत गरेको छ ।

सिंदीस्थित हिमालय माविको अध्यक्षमा पुनः गुरुङ

✍गोल्डेन न्यूज संवाददाता
पोखरा २१ पुस ।

लमजुङ पसगाउँ गाविसमा पर्ने विकट बस्ती सिङ्दीस्थित हिमालय माध्यमिक विद्यालयको व्यवस्थापन समितिमा पुनः जित बहादुर गुरुङ सर्वसम्मतले निर्वाचित भएका छन् । विद्यालय व्यवस्थापनको समितिमा पुनः विजय भएपछि अध्यक्ष गुरुङले आफूमाथि विद्यालय व्यवस्थापनको थप जिम्मेवारी र चुनौति रहेको बताए । उनले विद्यालयको स्तरोत्तर उन्नतिका लागि आफूले नयाँ रचनात्मक भूमिका खेल्ने बताए । अध्यक्ष सहित अन्य ९ जना पदाधिकारीहरुले आगामी कार्यकाल लागि हिमालय माध्यमिक विद्यालयलाई अझ गुणस्तरीय शिक्षामा अगाडि लैजान सक्दो पहल गर्ने बताए । नयाँ कार्यसमितिलाई बधाई दिँदै विद्यालयका प्रधानाध्यापक शुकराज खनालले अध्यक्ष गुरुङ लगायत अन्य विजय पदाधिकारीहरु लाई कार्यकालका लागि शुभकामना व्यक्त गरे । निर्वाचन समितिमा समाजसेवी टंक प्रसाद गुरुङ, रामसुम्बा गुरुङ, शुकराज खनाल तथा परशुराम सेतीले जितबहादुर गुरुङको अध्यक्षतामा ९ सदस्यीय नयाँ कार्य समिति चयन गरेको हो । विकट बस्ती भएपनि सिङ्दीवासीकै पहलमा उनीहरुले विद्यालयमा कम्प्युटर शिक्षाको व्यवस्था विगत २ वर्ष देखि गरिराखेका छन् । विद्यालयमा कक्षा १० सम्म गरि जम्मा ३५ विद्यार्थीले पठनपाठन गरिराखेको समाजसेवी टंक प्रसाद गुरुङले जानकारी दिए। सिङ्दीवासी र अन्य आईएनजीओको सहयोगमा रुदीखोला हाईड्रोपावर सञ्चालन गरि गाउँमा विद्युत सेवा समेत प्रवाह गरेका छन् । त्यस्तै सिङ्दी गाउँ मै पाहुनाको स्वागत सत्कार लागि भनेर ३ लाख खर्चमा ओईल कम गेट निर्माण गरिएको छ । उक्त प्रवेश द्वाराको उद्घाटन प्रगति विकास टोलका अध्यक्ष युवराज गुरुङको अध्यक्षतामा कार्यक्रममा प्रमुख अतिथि तथा समाजसेवी रामसुम्बा गुरुङले गरेका थिए।यियो । ओईल कम गेट निर्माणका लागि विशेष सहयोग गरेका प्रमुख अतिथि गुरुङले गाउँको विकासका लागि स्वम् गाउँके वासिन्दा अग्रसर हुनुपर्नेमा जोड दिए । उनले एकतामा बल हुन्छ भन्ने कुरामा विश्वास लिई अघि बढन सुझाव दिए ।

मगर आमसञ्चारकर्मी समाज राष्ट्रिय सम्मेलन तयारीमा

✍गोल्डेन न्यूज संवाददाता
पोखरा २१ पुस ।

मगर आमसञ्चारकर्मी समाज, नेपालको प्रथम राष्ट्रिय सम्मेलन आगामी माघ २६ गते हुने भएको छ । राष्ट्रिय सम्मेलन सम्पन्न गर्नका लागि काठमाडौंमा सम्पन्न भेलाले मनोज घर्तीमगर (काठमाडौं)को संयोजकत्वमा १५ सदस्यीय राष्ट्रिय सम्मेलन संचालन समिति गठन गरेको छ । संचियालय सदस्यहरूमा देव पन्थीयामगर (पाल्पा), सन्त गाहामगर (काठमाडौं), विलिप थापामगर (काठमाडौं), एमवी आस्था मगर (कास्की), मनोज घर्तीमगर (काठमाडौं), केवी रानामगर (नवलपरासी), रूउबहादुर श्रीसमगर (कास्की), देविका घर्तीमगर (वाइ), दीपा आलेमगर (बर्दिया), मिलन गाहामगर (रुपन्देही), भरत जर्घामगर (सिराहा), केदार मगर (सोटाइ), तिलक गुर्खाडमगर (काठमाडौं) र सर्वजीत थापामगर (दैलेख) रहेका छन् त्यस्तै, सम्मेलन सम्पन्न गर्न नेपाल पत्रकार महासंघका महासचिव उजिर मगर, नेपाल मगर संघका प्रचार सचिव माधवकुमार दर्लामीमगर र अधिवक्ता गौवहादुर आलेमगर गरी तीन सदस्यीय निर्वाचन मण्डल समेत गठन गरिएको छ । समाजको सम्मेलन हर्ने स्थान तय गर्न लिम्सा समाजको संचियालयलाई दिने निर्णय गरिएको समेत जनाइएको छ । समाजको विधानलाई संशोधन गरी संघीय प्रादेशिक ढाँचामा लैजान समाजका संयोजक मनोज घर्तीमगर र संचियालय सदस्य सन्त गाहामगर गरी दुई सदस्यीय विधान संशोधन समिति गठन गरिएको छ ।साथै, राष्ट्रिय सम्मेलनका लागि संचियालय सदस्य देव पन्थीयामगरको संयोजकत्वमा विलिप थापामगर र रूउबादुर श्रीसमगर रहेको तीन सदस्यीय आर्थिक व्यवस्थापान समिति गठन गरिएको छ भने राष्ट्रिय सम्मेलनका लागि आर्थिक सहयोग गर्न तयार भएको मगर संघ बेलायतलाई धन्यवाद ज्ञापन समेत गरेको छ ।

सहारा एकेडेमीमा सहयोग आउनेक्रम जारी

✍गोल्डेन न्यूज संवाददाता
पोखरा २१ पुस ।

पोखराको सहारा क्लवद्वारा स्थापना भएको सहारा एकेडेमीमा सहयोग आउनेक्रम जारी रहेको छ । पछिल्ली क्रममा पोखराको वैदाम स्थायी घर भई बेलायतमा कार्यरत सहारा क्लब युकेका कोषाध्यक्ष नारायण गुरुङले सहारा एकेडेमी को अक्षयकोषको लागि ५१ हजार १ सय ५ रुपैयाँ आर्थिक सहयोग गरेका छन् ।

त्यसै गरी उनकी छोरी प्रिति गुरुङले १० हजार १ सय ५ रुपैयाँ पनि सहयोग गरेकी छन् । सहारा क्लब ले गरेको काम देखि प्रशन्न भइ उनले सो रकम सहयोग गरेकी हुन। उक्त रकम क्लवका अध्यक्ष विरभद्र आचार्यलाई हस्तान्तरण गरेका हुन । स्वदेश तथा विदेशमा रहेका दाताहरुको सहयोगले नै एकेडेमी सचालन हुदै आएको अध्यक्ष आचार्यले बताए । त्यस्तै लेकसाइड निवासी विष्णु गुरुङ र बेन्जेमीन कोमे रोइल इमर्सटन, आना युरेइन्स बाट ३१ हजार ७ सय मूल्य बराबरको ३० थान ब्लाइकेट र स्टेसनरी का सामाग्रीहरु एकेडेमीका बालकहरुलाई एक समारोहको बिच वितरण गरिएको छ । पोखरा १७, दोविल्लमा रहेको सहारा एकेडेमीमा हाल १६ जिल्लाका २६ जना बालकहरु रहेका छन । 'खेलकुदको विकासमा सहकार्य गरौं, पोखरालाई खेलकुद पर्यटनको रुपमा स्थापित गरौं' भन्ने मूल उद्देश्यका साथ आउदो माघ ५ गतेदेखी १६ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगितामा ३ विदेशी सहित १२ टीम सहभागी हुने भएका छन् ।

गोरखा डण्डीडाँडाका भूकम्पपीडितलाई सिरक

✍गोल्डेन न्यूज संवाददाता
पोखरा २१ पुस ।

पोखरामा रहेको लायन्स क्लब अफ पोखरा अन्नपूर्णले गोरखा डण्डीडाँडाका भूकम्प प्रभावित ज्येष्ठ नागरिक र बालबालिकालाई फाइवर सिरक वितरण गरेको छ । जाडोको कारण भूकम्प पीडित चिसोले प्रभावित भएको समाचार सुनेपछि आफैहरु पोखरादेखि गोरखा पुगेर ६५ वटा फाइवर सिरक वितरण गरेको ल्लड बैंक चियर पर्सन सोनाम साडपोले जानकारी दिए । आफ्नो पहलमा विदेशी साथीहरुको सहयोगले जाडोमा कट्याइएपर वस्न बाध्य भएका ज्येष्ठ नागरिक र बालबालिका लाई सहयोग गर्न पाउँदा खुशी लागेको बताए । कार्यक्रमका प्रमुख अतिथि डिष्ट्रिक्ट गभर्नर ध्रुव बहादुर थापाले भूकम्प प्रभावितहरु चिसोको मारमा परेको बताउँदै लायन्स क्लबहरुले अहिले सिरक वितरण कार्यक्रम अगाडि बढाएको स्पष्ट पारे । क्लबका अध्यक्ष कृष्ण प्रसाद श्रेष्ठले आफूहरुले ४ सय ५० जना विद्यार्थीलाई गोरखाको नवज्योति निमाविमा शैक्षिक सामाग्री सोमबारनै वितरण गरेको बताए ।

उनले सिरक वितरण सरी बच्चाहरुको लागि जुत्ता वितरण पनि गरेको बताए । कृष्ण प्रसाद श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव लायन दिनेश तुलाचनले गरेका थिए ।

डण्डीडाँडाको भूकम्प प्रभावित ७५ वर्षीय जुनीकरी मगरातीले सिरक पाएसरी निकै खुशी छन् मगरातीले चिसो भुईंमा चिसो ढल्ने सिरक बिना रात काट्नु परेको दुखेसो पोखै अव भने केही मात्रामा पनि सिरक पाएपछि न्यानो हुने बताइन ।

प्रशासनलाई स्मरणपत्र

✍गोल्डेन न्यूज संवाददाता
पोखरा २१ पुस ।

अखिल कान्तिकारीअखिल कान्तिकारीले जिल्ला प्रशासन कार्यालयमा स्मरणपत्र बुझाएको छ । पुसको ६ गते विभिन्न ३ सूत्रीय माग सहित ज्ञापनपत्र पेश गरेकामा सो को सुनुवाई नभएको भन्दै जिल्ला प्रशासन कार्यालयमा पुनः स्मरणपत्र बुझाएको अखिल कान्तिकारीका पृथ्वीनारायण क्याम्पस जिल्ला समितिका अध्यक्ष क्षितिज सापकोटाले जानकारी दिए ।

कान्तिकारीले यातायात व्यवसायीले स्वघोषित रुपमा भाडा वृद्धि गरेको, विद्यार्थीलाई भाडा संहलियत नदिएको, ग्यास बियाधी परिचयपत्रका आधारमा पाउनुपर्ने, अपागता भएका र ज्येष्ठ नागरिकलाई परिचयपत्रका आधारमा सहजै इन्धन तथा ग्यास वितरण हुनुपर्ने लगायतमा माग राखी ज्ञापन पत्र पेश गरेको थियो । तत्काल माग सम्बोधन गर्न अन्यथा कान्तिकारी आन्दोलनमा उत्रने स्मरणपत्रमा उल्लेख गरिएको छ ।

पश्चिमाञ्चलकै लोकप्रिय पत्रिका 'गोल्डेन न्यूज राष्ट्रिय दैनिक' खोजी-खोजी पढ्ने गरौं ।

खुशीको खबर !

के तपाईलाई लागीभागी भई ठेउभेट गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गड्डी पार लगाउने देवी हुनुहुन्छ । साथै ठाउ देखेको, बाध, शत्रु, बाँझोपन हटाउने ग्याष्टिक, रक्सी टुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जुठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (सिरचोक प्रतिष्ठालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ४८४६२८५४५४

पर्स हराएको सूचना

पोखरा-१५ हुमेसाँघु चोकदेखि कालिका स्कूल हुँदै अमरसिंहचोकबाट बुद्धचोक तर्फ जँदै गर्दा तेजकुमार पाईजाको ब्रिटीस आर्मीको परिचयपत्र, र सवारीचालक अनुमति पत्र (लाईसेन्स) सहित अत्यन्त महत्वपूर्ण कागजात रहेको पर्स हराएको हुँदा फेला पार्नुहुने महानुभावले मोवाईल नबर ९८४०७७०२५४, ९८४६६७४४०६ वा नजिकको प्रहरी कार्यालयमा खबर गरिदिनुभएमा रु. ५ हजार पुरस्कार दिईने छ।
साथै उक्त पर्समा रहेको पैसा समेत फेला पार्ने महानुभावलाई नै प्रदान गरिनेछ ।
तेजकुमार पाईजा, पोखरा-१५, नयाँगाउँ, कास्की

अमेरिकन इन्स्टोग्माटिक सेक्युरिटी तालिमको अवसर

Abudabi को PSBD : Spark, Middle est-Star Skill Force द्वाको DPS : Etisalelat sar कतारको Group-4 बहराईन, मकाउ आदि देशहरुमा सेक्युरिटी गार्डमा जान चाहने व्यक्तिहरुलाई यस प्रा.लि बाट अन्तर्राष्ट्रिय स्तरको Diplomatic सेक्युरिटी गार्डमा तालिम, अंग्रेजी भाषा र अन्तर्वार्तामा तयारी कक्षाहरु संचालन भई रहेको हुँदा इच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क गरी आफ्नो सीकाको फाईदा उठाउनु होला ।

हाम्रा सेवाहरु :

१. 100% उत्तीर्ण गराउन सफल !
२. आएभैं मेम पावरबाट प्रोसेस गराइने (फिस लेडर इम्प्लाइमेन्ट सर्भिस प्रा.लि.)
३. DPSL PSBD का Objective & Mobel question Answer को Practical गराइने
४. व्यवहारिक एवं रैदाँतिक ज्ञान पुर्ण रुपमा हासिल गराइने ।
५. १ वर्षमै ५ सय भन्दा माथि सेक्युरिटी गार्ड पास गराउन सफल ।

आर्मर ग्रुप सेक्युरिटी एण्ड सल्लायर प्रा.लि.
सम्पर्क : ४८४६२५९३४२ (डिल्ली अर्याल), ४८५६०३२८६२ (तितबहादुर)
४८०६७०८२४६, ४८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एवरपोर्ट जाने बाटोमा, मुक्तिजाथ
विकास बैंकको ठीक अगाडि, पोखरा विउवेश कम्प्लेक्सको दोश्रो तला)

प्रो. वद्री के.सी. : ४८५६०२५८४६
प्रो. गोपाल बहादुर काकां : ४८५६०३९०३७२
प्रो. राजेश के.सी. : ४८५६०३०३७१

इन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस

चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतबन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्पर्कनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्पर्कनुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

जीवन के.सी. मो. ९८४६० ३८०६६
९८०६६ ८०८८७

पञ्चमुखी लक्ष्मी सप्लायर्स

हबेगीमार्ग, काजीपोखरी
पोखरा-१८

विवाह व्रतबन्ध भोज तथा अन्य कुनै कार्यको लागि रुपमा खानेपानी बाहिरमा हामीलाई सम्पर्कनुहोस् ।

अनेक समस्या सफल उपचार

ज्यादिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झ्यासिल हुकार आउने जस्तो सुकै पुरानो ग्यास्ट्रिकको सफल उपचार ।

थोल समस्या: शिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्खल दोष जस्तो सुकै थोल समस्याको सफल उपचार ।

महिला सम्बन्धि समस्या
महिनावारी अनियमीत, सेतोपानी बग्ने, थोनी चिलाउने, तल्लो पेट दाह्रे कम्मर दुखने, पेट तथा छातीमा भएको सेतो धब्बा हटाउने, स्तन बढाउने तथा घटाउने तथा दाह्रे गर्ने, थोन सम्बन्धमा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई कैहि दिनमै छुटाउने

सुन्दरता: कालो छायी पोतो, झुरिहटाँगेर, दाम धब्बा, मस्किया, कोठी, थाउनफिल हटाई पुरै शरिर गोरो बनाउने ।

थप उपचार: ऐसर, सुनर, जण्डिस, पिसास, थाइल्ल, इम्म साबि बग्ने, दाह कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।

शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इण्डस्ट्रियल भवन भित्र
फोन नं ०६१-५३९८६७, ०६-१२२४९४८, मो. ९८४६१३७४९७

प्रेममा धोका पाएपछि बदलामा ठगी धन्दा !

गोल्डेन न्युज संवाददाता
पोखरा २१ पुस ।

नक्कली डाक्टर बनेर दर्जनौं युवाहरुलाई ठगी गर्दै हिड्ने गुल्मी हस्तीचौरकी डाक्टर सुहाना केसी भने भगवती केसीलाई महानगरीय अपराध महाशाखाका एसएसपी सवेन्द्र खनालले सोधे,'किन नक्कली डाक्टर बनेर युवाहरु ठग्दै हिंडेकी ?' उनीले जवाफ फर्काइन्- युवाहरुलाई ठेगान लगाउन। कस्तो ठेगान? एसएसपी खनालले उनको भनाई भुईमा खस्न नपाउँदै फेरि सोधे। उनीले फेरि जवाफ दिइन्- यसबारे मलाई केही थाहा छैन। डाक्टर सुहाना केसी उर्फ भगवती केसी खुलेर केही भन्ने मुडमा देखिन्न दिइन्। पहरीले पकाउ गरिसकेपछि पनि उनलाई कुनै पश्चाताप छैन् । वर उनी मख्खि-चस जेवडाट छुटेपछि पनि यही कामलाई निरन्तरता दिन्छु। प्रेममा धोका पाएपछि पूर्व प्रेमीलाई देखाउने लागि उनीमा बदलाको भाव आएको र विरक्तिएर ठगी गर्दै हिंडेको खनालले बताए। काम नगरी ठगेको भरमा मिठो खान, रायो लगाउन र युवाहरुसँग मोजमस्ती गर्न पल्किने हावा टाइपको युवती उनी रहेको खनालले बताए। उनले हातमा 'आइ ल यु शक्ति' लेखेर ट्याटु खोपेकी छिन्। ७ वर्षअघि गुल्मीबाट काठमाडौं आउँदा एक सहकारीमा काम गरेको र त्यस बखत एक युवकसँग उनी गहिरो प्रेममा परेको पहरीले जनाएको छ। युवकले धोका दिएपछि उनी विरक्तिएर युवाहरुसँग बदला दिने भाव उनमा झल्किएको एसएसपी खनालले बताए।

सहकारी छाडेर्दखि उनले युवाहरुलाई फसाउने, प्रेमालाप गर्ने देखिएको पहरीले जनाएको छ। नक्कली डाक्टर बनी काठमाडौंका एक ख्याइएं परिवारका प्लस टु पढ्दै गरेकी युवकलाई उनले प्रेमजालमा पारेर भारतको नयाँदिल्ली पुर्‍याएकी थिइन्। उनले एक जनामाथ होइन दर्जनौं युवाहरुलाई फसाएर ३ हजारदेखि ५० हजारसम्म रुपैयाँ ठगेको पहरी अनुसन्धानले देखाएको छ। कलाकार, डाक्टरदेखि पोखरा, काठमाडौंका होटल व्यवसायीलाई पनि उनले ठगेकी थिइन्। भूकम्प

ताका उनी काठमाडौंको गगन् क्षेत्रका एक दर्जनभन्दा बढी होटलमा बसेर भाडा र खानाको पैसा समेत नतिरी भागेको वालिइ फुलवारी होटलका संचालक यम् कुँवरले बताए। पोखरा र काठमाडौंका डाक्टरहरुसँग शारीरिक सम्बन्ध राखी उनले केही रकम समेत असुलेको पहरीले जनाएको छ। टयाक्सी चढ्ने, एउटा निश्चित स्थानको नाम चलेको होटल पुऱ्याइदेउ भन्ने होटलमा बस्ने, डिआइजीकी छोरी भन्ने र होटलको बिल नतिरी हिड्ने प्रवृत्ति उनको थियो। डाक्टररुलाई पटक पटक जालमा पारेकी उनले एउटा गाडि शोरुमका म्यानेजरलाई समेत ठग्न प्यागकी थिइन्।

ठगी गर्ने तर एउटा पनि प्रमाण फेला नपर्ने गरी काम गर्ने उनको बानी रैछ। अनुसन्धानमा खुलिएका डिएसपी रमेश थापाले बताए।

'पहरीले उनलाई समातेपछि, उनको नाम, घर कहाँ हो केही पनि थाहा थिएन, समाएपछि बल्ल हामी हामीले खोज्यौं, ती युवतीले अरु वेला अनेक नाम र ठेगाना भनेर छटिको पाइयो' अनुसन्धानमा खटेका अर्का पहरी निरीक्ष दुगं दाहालले भने। पहरीका अनुसार उनी सात वर्ष अघि काठमाडौं आएकी हुन। उनी निम्नस्तरको परिवारमा जन्मेकी युवती हुन्। उनको बुवा भारतमा मेजरदी गर्छन् भने आमा घरै खेतबारी हेरेर बस्छिन्। उनका एक भाइ र एक बहिनी छन्। उनले ७ कक्षासम्म मात्रै अध्ययन गरेको खुलेको छ। उनले ९ वटा मोवाइलका सिम चोकेकी छन् भने ३ वटा फेक फेसबुक आइडी खोलेकी छ सेतोपाटीमा खबर छ।

त्रिवेणी कप बेसीशहर युथ सोसाइटीलाई

गोल्डेन न्युज संवाददाता
पोखरा २१ पुस ।

यस वर्षको त्रिवेणी कप राष्ट्रव्यापी खुल्ला फुटबल प्रतियोगिताको उपाधि बेसीशहर युथ सोसाइटीले जितेको छ। त्रिवेणी युवा क्लवको आयोजनामा मंगलवार सम्पन्न फाइनल खेलमा सुन्दरबजारको आदर्श युवा क्लवलाई ६-० गोलको फराकिलो जित निकाल्दै उपाधि जितेको हो। अफ्रिकन मूलका खेलाडी लिएर मैदानमा उत्रिएको बेसीशहर युथ सोसाइटीले आदर्शका खेलाडीलाई खेलको पूरै समय दवावमा राखेको थियो। बेसीशहर युथ सोसाइटीको जर्सी लगाएर मैदानछिरेका आयातीत भिक्टोरले खेल शुरु भएको ४ मिनेटमा खाता खोलेका थिए। त्यसको लगत्तै अर्का विदेशी सिकोले दोस्रो गोल गरे।

खेलको १८ औं मिनेट र ३० औं मिनेटमा अफ्रिजले गोल जित नजिक पुयाए। खेलको ३७ औं मिनेटमा भिक्टोरले अर्को गोल थपे। दोस्रो आफमा सेटिंगले गोल गर्दै गोल अन्तर फराकिलो बनाए। आदंशले खेल अर्धाधर दुई अवसरमा मात्रै निकालेको थियो। खेलको अन्तिममा पाएको सुनौलो मौका गुमाउँदा आदर्शले खाता खोल्न सकेन।

प्रतियोगिताको विजयी बेसीशहर युथ सोसाइटीले त्रिवेणी कपसँगै नगद १ लाख ५० हजार

रुपैया, स्वर्णपदक र प्रमाणपत्र प्राप्त गरी उपविजेता आदंश युवाक्लबले नगद ८० हजार, ट्रफि र प्रमाणपत्रमा चित्त बुझायो। विजेता टिमलाई राष्ट्रिय खेलकूद परिषदका सदस्य सचिव केशवकुमार विष्ट, लमजुङ क्षेत्र नम्बर १ बाट निर्वाचित सभापद जमिन्दमान घले, पश्चिमाञ्चल क्षेत्रीय खेलकूद विकास समितिका अध्यक्ष खगराज पौडेल, कास्की जिल्ला खेलकूद विकास समितिका अध्यक्ष यामबहादुर गुरुङ, केषाध्यक्ष दिपकबहादुर गौदार, आयोजक त्रिवेणी युवाक्लबका अध्यक्ष गोविन्द वस्नेतले सयुक्त रुपमा पुरस्कार वितरण गरेका थिए। सेंगीफाइनल उपविजेता हरमटारी युवाक्लब गोरखा र मुनलाईट युवाक्लबले नगद ३० ⁄ २० हजार रुपैयाँ पाए। मुनलाइट युवा क्लबले गतवर्ष उपाधी जितेको थियो। खेलमा उत्कष्ट खेलाडी बेसीशहर युथ सोसाइटीका स्टेफेन र सर्वाधिक गोलकर्ता सोही क्लबका अफिज भए। उत्तीरुनै नगद १० ⁄ १० हजार स्वर्ण पदक, प्रमाणपत्र पाए। खेलमा गोरखाको हरमटारी युवाक्लबले अनुसासित टिमको पुरका जित्यो। यस्तै उत्कष्ट गोलकिपरमा आयोजक त्रिवेणी युवाक्लबका आकाश रानाभाट, डिफेन्डरमा हरमटारी युवा क्लब गोरखाका राज शाही, मिडफिल्डरमा मुनलाइट युवा क्लबका काजुमार भुसाल